स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री बेनिशा हमालले फिल्ममै नभएको कुरा प्रचारका लागि टिजरमा देखाइन्छ भने आफूले यस्तो अभ्यासको समर्थन नगर्ने र हिस्सा बन्न नचाहेको टिप्पणी गरेकी छिन्। सामाजिक सञ्जालमार्फत उनले कुनै फिल्म विशेषको नाम नखुलाउँदै यस्तो स्टाटस लेखेकी हुन्। तर, अभिव्यक्ति दिने कुरामा 'टाइम एन्ड स्पेस' को कुरा महत्वपूर्ण हुन आउँछ।

आजको विचार...



कृष्ण बोहरा

देशमा...
(दुई पेजमा)



बलिउड सुपरस्टार सलमान खानले हालै साउदी अरबको जेद्दामा आयोजित रेड सी फिल्म फेस्टिभल २०२५ मा सहभागिता जनाए। फेस्टिभलको एक सत्रमा बोल्दै सलमानले आफू कुनै महान् अभिनेता नभएको बताए। उनले भावनात्मक दृश्यमा रुँदा फ्यानहरु हाँस्ने गरेको आफूले प्रायः देखेको बताए। फ्यानहरूले तुरुन्तै उनको भनाइलाई अस्वीकार गरेका थिए । आफ्नो अभिनय कौशलका बारेमा कुरा गर्दै सलमानले भने, 'मलाई लाग्दैन कि म कुनै धेरै नै कमालको अभिनेता हुँ।

❐ वर्ष ३१ अंक १३९ ❐ २०८२ पुस १ गते मंगलबार 16 December 2025, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# रोटी बनाउने सिप सिकेर आयआर्जमा जोडिदै तानसेनका महिला

**कृष्ण पोखरेल**

**पाल्पा,** मंसिर २९/तानसेन नगर भित्रका महिलाहरू अहिले सङ्गठित रूपमा आयआर्जनमूलक तालिम सिक्न थालेका छन् । घरको कामकाज सकेर फुर्सदमा बस्ने गरेका महिलाहरू पछिल्लो समय आयआर्जनमूलक कार्यमा जोडिएका हुन् ।

यहाँका सरकारी तथा सामाजिक संघ संस्थाले महिलालाई विभिन्न समूहमा आबद्ध गरि विभिन्न सिपमूलक तालिम दिन थालेपछि महिलाहरु आयआर्जनका काममा सक्रिय हुन थालेका छन् । तानसेन नगरपालिका वडा नं. २ वडा कार्यालयको आर्थिक सहयोगमा असनटोल विकास संस्था-३ ले नगर भित्रका महिलाहरुलाई रोटी बनाउने तालिम दिएसँगै महिलाहरु आयआर्जनमा जोडिन थालेका हुन् । यहाँका २० जना



महिलारुले समूहमा नेवारी कला, संस्कृति तथा परम्परामा आधारित रोटी बनाउने सिपमूलक तालिम लिएका छन् । महिलाहरुको आयआर्जन बढाउने उद्देश्यसहित सञ्चालन गरिएको तीन दिने तालिममा महिलाहरुले विभिन्न प्रकारका रोटी बनाउने सिप सिकेका छन् । तालिममा सहभागी महिलाहरुले लोपोन्मुख अवस्थामा पुगेका नेवारी समुदायका परम्परागत रोटीका परिकारहरु–लाखामरी, पाते, सेगुली, सिन्कामरी, झिनियाँ, फिनी तथा सेल रोटी बनाउने व्यावहारिक सिप सिकेका छन् । पछिल्लो समय आधुनिक जीवनशैली, फास्टफुड संस्कृतिको प्रभाव र पुस्तान्तरणको अभावका कारण नेवारी समुदायमा चलनचल्तीमा रहेका पाते र लाखामरी जस्ता परिकारहरु हराउँदै जान थालेपछि तिनको संरक्षण र प्रवर्द्धनका लागि तालिम सञ्चालन गरिएको संस्थाकी अध्यक्ष अनुराधा बज्राचार्यले बताईन् । नेवारी कलासंस्कृति जोगाउनुका साथै एक समुदायबाट अर्को समुदायमा मौलिक परम्पराको हस्तान्तरण गर्दै महिलाहरुलाई आर्थिक गतिविधिमा जोड्ने उद्देश्य संस्थाको रहेको छ ।

-बाँकी अन्तिम पेजमा...

## संक्षिप्त समाचार

### हवाई आक्रमणमा १२ जनाको मृत्यु

(रासस/सिन्ह्वा)

**नोम पेन(कम्बोडिया),** मङ्सिर २९/ थाई सेनाले कम्बोडियामा आक्रमण विस्तार गर्दा कम्बोडियाको सार्वभौम क्षेत्रमा प्रभाव पर्नुका साथै १२ जा नागरिकको मृत्यु भएको कम्बोडियाको रक्षा मन्त्रालयले सोमबार जनाएको छ । थाई सैन्य बलले उत्तरपश्चिम कम्बोडियाको सिम रिप प्रान्तको विभिन्न स्थानमा आफ्नो हवाई आक्रमण विस्तार गरेको मन्त्रालयले एक प्रेस विज्ञप्ती मार्फत जनाएको छ । थाइल्यान्डसँगको सीमा द्वन्द्व चर्किंदै जाँदा मृत्यु हुने कम्बोडियन नागरिकहरूको सङ्ख्या बढेको र ७४ जना घाइते भएको कम्बोडियाको आन्तरिक मन्त्रालयका प्रवक्ता टच सोखाकले सोमबार पत्रकार सँगको साक्षातकारमा बताएका छन् । यसैबीच, कम्बोडियामा विस्थापित व्यक्तिहरूको संख्या चार लाख तीन हजार नाघेको जनाइएको छ । कम्बोडियाको रक्षा मन्त्रालयको राज्य उपसचिव तथा प्रवक्ता लेफ्टिनेन्ट जनरल माली सोचेटाले आइतबारदेखि सोमबार सम्म थाई सैन्य बलले कम्बोडियाको क्षेत्रमा धेरै स्थानहरूमा तोपको गोलाबारी जारी राखेको बताउनु भएको छ ।

## मोटरसाइकल दुर्घटनामा दुई जनाको मृत्यु





**रूपन्देही,** मङ्सिर २९/रूपन्देहीको भैरहवा-परासी सडक खण्डमा मोटरसाइकल दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । रोहिणी गाउँपालिका -३, परासीझुवामा रोकिरहेको ट्रकमा मोटरसाइकल ठोक्किएर दुर्घटना भएको हो ।

सोमबार बिहान परासीबाट भैरहवातर्फ आउँदै गर्दा ग ११ प ८६२५ नम्बरको मोटरसाइकल रोकिरहेका एचआर ५५ डब्लु ०३१ नम्बरको भारतीय ट्रकमा ठोकिएको थियो । मोटरसाइकल ठोक्किदा मोटरसाइकलमा सवार ओमसतिया गाउँपालिका वडा नम्बर ३ का २१ वर्षीय राजु हरिजन र सोही ठाँउ बस्ने २३ वर्षीय रोहित यादवको मृत्यु भएको रूपन्देही प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक सुरज कार्कीले बताए । गम्भीर घाइते भएका सो मोटरसाइकलमा सवार दुबै जनालाई तत्काल भैरहवा स्थित युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज पुऱ्याइए पनि उपचारको क्रममा उनीहरूको मृत्यु भएको प्रहरीले जनाएको छ । प्रहरीले दुर्घटनाग्रस्त ट्रक र त्यसका चालकलाई नियन्त्रणमा लिएको र यसबारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## अस्पतालमा विद्युतीय भुक्तानी प्रणाली नहुँदा सेवाग्राहीलाई सास्ती

**देवदह (रूपन्देही),** मङ्सिर २९/ विसं २०८२ कात्तिक २ गते राति ११:३० बजे छोराको उपचारका लागि रूपन्देहीको सिद्धार्थनगर नगरपालिका-८ का नारायणप्रसाद कोइराला भैरहवास्थित भीम अस्पताल पुगे । खुट्टामा समस्या देखिएपछि १२ वर्षीय संयोगलाई लिएर उनी अस्पतालको आकस्मिक (इमर्जेन्सी) कक्षमा पुगेका थिए ।




कोइरालासँग भएको नगद ५० रूपैयाँले टिकट काउण्टरमा आकस्मिक पूर्जी काटे । इमर्जेन्सी कक्षमा रहेका चिकित्सक/स्वास्थ्यकर्मीले संयोगको जाँच गरेपछि एक्सरे गर्नुपर्ने सुझाए । तर कोइरालासँग छोराको खुट्टाको एक्सरे गराउन लाग्ने नगद पैसा थिएन । नगद नभएकै कारण उनी त्यसरात एक्सरे नगराइकन घर फर्किए । अहिलेको समयमा नगद पैसा खासै बोकिँदैन, डिजिटल भुक्तानी (क्यूआर कोड) मार्फत एक्सरे गराउन लाग्ने रकम तिर्छु भने । तर अस्पतालमा विद्युतीय भुक्तानीको सुविधा रहेनछ । एक्सरे नगराइकन कोइराला दुई ट्याब्लेट औषधि किनेर घर फर्किएको बताउन्छन् । अस्पताल परिसरमा रहेको साझा स्वास्थ्य सेवा (औषधि पसल) मा समेत क्यूआर कोडबाट रकम भुक्तानी गर्ने सुविधा नरहेपछि संयोगसँग खल्तीमा भएको नगद पाँच रूपैयाँले दुई ट्याब्लेट औषधि किनेर बुबाछोरा घर फर्किएको उनको सम्झना छ । "भीम अस्पतालप्रति सेवाग्राहीको विश्वास बढ्दो छ । यहाँ कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारीले सेवाग्राहीसँग गर्ने व्यवहार राम्रो पाएको छु, केही स्वास्थ्य समस्या परे यसै अस्पतालमा नियमित रूपमा स्वास्थ्य परीक्षण गराउँदै आएका छौँ", उनले भने, "मैले भोग्नुपरेको समस्या कसैले पनि भोग्नु नपरोस्, अस्पताल प्रशासनले यसमा सुधार गरेर जान्छ भन्ने अपेक्षा गरेको छु ।"

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## नेतृत्व चयनमा ध्यान देऊ

एमालेले ११ औँ राष्ट्रिय महाधिवेशनबाट नयाँ नेतृत्व चयन गर्दैछ । निर्वाचन कार्यतालिकाअनुसार आज बिहान ११:00 देखि बेलुका ५:00 बजेसम्म मतदान हुँदैछ । मतदान महाधिवेशनस्थल भृकुटीमण्डपमा हुँदै छ । एमालेले यसपटक पनि विद्युतीय भोटिङ मेसिनबाट मतदान गर्दै छ । महाधिवेशनमा दुई हजार २ सय ६२ प्रतिनिधि सहभागी छन् । नयाँ नेतृत्वका लागि वर्तमान अध्यक्ष केपी शर्मा ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलबीच प्रतिस्पर्धा हुँदै छ । एमालेका लागि यो महाधिवेशन सबल नीति र नेतृत्व चयन गर्ने ऐतिहासिक अवसर पनि हो । यो अवसरलाई एमालेले भरपुर उपयोग गर्न आवश्यक छ ।

नेतृत्व सधैँभरि एउटै आकार र मान्यतामा मिल्ने कुरा होइन । यो त समाज र संगठनको भावना, दृष्टि, सन्दर्भ, सम्बन्ध र सञ्चारको एक गतिशील र परिवर्तनशील अन्तरक्रिया हो । अव्यवस्थित र विखण्डित मानसिकता, अस्पष्ट दृष्टिकोण, शब्दजालमा अत्याधिक र अनियन्त्रित निर्भरता जस्ता पक्ष छिचोल्नै नसकिने चुनौती होइनन् । यस किसिमका समस्या र चुनौतीहरूलाई अनुकूलन गर्दै अगाडि बढ्नु नेतृत्वका लागि अवसर पनि हुन् । नेतृत्व निरन्तरको भुलभुलैया होइन र सिद्धान्तलाई कम्पास मानेर हिंड्नुलाई पूर्णता मान्न सकिँदैन । यो त स्पष्ट, नम्र भएर यात्रामा आइपर्ने अनुभवलाई संगाल्दै र पाठहरूलाई अंगाल्दै उच्च साहसद्वारा निर्देशित कर्म हो । यसर्थ व्यक्तिगत स्वार्थभन्दा सधैँ माथि उठेर अरूलाई पनि सशक्त बनाउने र सदैव प्रेरित गर्ने काम असल नेतृत्वले गर्छ । त्यो नेतृत्व चयन गर्ने दिशामा एमाले कार्यकर्ताले सोच्नुपर्छ ।

अहिले नेतृत्वमा केपी शर्मा ओली र ईश्वर पोखरेलबिच प्रतिस्पर्धा हुँदै गर्दा युवापुस्ताको सहभागिता, समावेशिता र भविष्यको नेतृत्व निर्माण कसरी हुन्छ भन्ने प्रश्न निर्णायक बन्नेछ । देशका ठूला राजनीतिक दलहरूले लिने नीति र चयन गर्ने नेतृत्वले नै मुलुकको भविष्य निर्धारण गर्छ । एमालेको यो महाधिवेशनले विगतको गौरवमात्र सम्झेर होइन, वर्तमानका चुनौती र भविष्यका अपेक्षालाई आत्मसात् गर्दै नेतृत्व चयन गर्न आवश्यक छ । युवापुस्तालाई विश्वासमा लिने, आन्तरिक लोकतन्त्र बलियो बनाउने र जबजको मार्गदर्शनमा देशलाई स्थायित्व, सुशासन र समृद्धितर्फ लैजाने स्पष्ट नीति तर्जुमा गर्न सक्नु नै यस महाधिवेशनको ऐतिहासिक जिम्मेवारी हो । यही अपेक्षा आज पार्टीपंक्ति मात्र होइन, सिंगो देशले राखेको छ । यस विषयमा मुलुकको प्रमुख राजनीतिक शक्ति एमालेका नेता कार्यकर्ताले विशेष ध्यान पुर्‍याउनु आवश्यक छ ।

### Opinion @ Socia Network

शत्रुले आफुतिर हानेको ढुङ्गा बटुलेर घर बनाउने क्षमता राख्नुहोस्
जिन्दगीले आफैं काचुली फेर्नेछ...।
*(निर्मला रानाको **फेसबुक स्टाटसबाट** www.facebook.com/Nirmala.Rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# देशमा देखिएको आजको राजनीतिक परिदृश्य



## कृष्ण बोहरा

> *भ्रष्टतन्त्रको जग आफैंमा मक्काएर कामै नलाग्ने भएको थियो । पार्टी पार्टीहरु बीचको अन्तरविरोध पनि पेचिलो बनेकै थियो । राजावादीको आन्दोलन भर्खरै मथ्थर भएजस्तो भएतापनि आन्तरिक रुपमा टकरावको अवस्था छँदै थियो । सामाजिक संजाल बन्द गर्नु सबैको आत्रोशको बिषय बन्यो ।*

जुन कुरा मान्न कतिपय मानिसहरू तयार छैनन् त्यही कुरा भैरहेको छ यहाँ । घटना र परिघटनाहरूको निर्माण अन्तर्विरोधहरुकै कारणले हुने गर्छन् । नयाँ र स्वतन्त्र मेयरहरुले देशका दुई तीन वटा नगरपालिकामा जितेसँगै काठमाडौंका मेयर बालेन शाहलाई पनि नयाँ केही गरौं भन्ने लाग्यो । उनले तीनवटा कुरामा बढता केन्द्रित भएर कामहरु शुरु गरेको देखिन्छ । सार्वजनिक जग्गाको खोजतलास र तिनको अधिकरण । कर नतिरी संचालन भएका सत्ता र पावरको भरमा खाइपाइ आएका ब्यक्ति र समूहहरुलाई निस्तेज पार्दै करको दायरामा ल्याउनु पुराना संरचनाहरुलाई यथासंभव संरक्षण र पुननिर्माण गर्ने काम । माथिका १ र २ नं बुँदालाई कुनै मुलाहिजा बिना बेरोकटोक लागू गरेका कारणले देशका शक्तिशाली व्यक्ति र समूहहरु यसबाट प्रभावित हुन थाले । जसबाट मेयर बालेनको यहाँको शक्तिशाली केन्द्रीय सत्तासँग भयानक ठूलो अन्तरविरोध पैदा भयो । केन्द्रीय सत्ताले स्थानीय स्वायत्त अधिकार कानुनको समेत धज्जी उडाउँदै महानगरपालिकालाई नत्थी लगाउन र उसलाई असफल बनाउन हरसम्भव कोसिस गर्यो। महानगर भित्र यहाँको आदिवासी नेवारहरूको समेत वाही वाही पाएका बालेनले पनि आफ्नो सम्पूर्ण साधनस्रोत बुद्धि प्रयोग गरी केन्द्रीय सरकारको बिरुद्धमा जाइलाग्न आन्तरिक रुपमा तयारी अवस्थामा नै भएको भन्ने बुझियो । भ्रष्टतन्त्रको जग आफैंमा मक्काएर कामै नलाग्ने भएको थियो । पार्टी पार्टीहरु बीचको अन्तरविरोध पनि पेचिलो बनेकै थियो । राजावादीको आन्दोलन भर्खरै मथ्थर भएजस्तो भएतापनि आन्तरिक रुपमा बदलाव र टकरावको अवस्था छँदै थियो। सामाजिक संजाल बन्द गर्नु सबैको आक्रोशको बिषय बन्यो । बिशेष गरेर जेनजी समूह त्यसबाट बढी प्रभावित बने । भाद्र २३ र २४ गतेको आन्दोलन त्यसैको पेरिफेरीमा भएको बुझियो । पुराना परिवर्तन नहुने संस्कार बोकेकालाई यसले सबक महसुस गराएको छ । तर पनि नयाँ पुस्तामा नेतृत्व हस्तान्तरण एउटा समस्याको बिषय छँदैछ । पार्टीहरु भित्र आफ्ना शिर्ष नेतृत्वको बिरुद्ध नेतृत्व खोसेर लिनसक्ने ल्याकत युवा नेताहरुमा पनि देखिँदैन । नयाँ केही गरौ भन्ने भावना भएका पार्टीहरु भित्रैका नयाँ पुस्ताले नेतृत्व हातमा लिनु भन्ने समयले आदेश गरेको जस्तो बुझिन्छ। बाहिरका जेनजीहरु कुहिरोको काग जस्तै अलमलिरहेको हामी सबैले देखेकै छौं । न कुनै नेतृत्व न पार्टी न कुनै नीति सिद्धान्त केही पनि छैन । जेनजी एउटा उमेर समूहको नाम मात्र हो । उनीहरु भ्रष्टीकरणको बिरुद्ध स्वत: स्फुर्त उठेका थिए । आन्दोलन शान्तिपूर्ण गर्ने भन्ने थियो । कुनै विध्वंस गर्ने त योजना नै थिएन । भइ दियो पुराना बुढाहरुको सत्ता ढाल्ने आन्दोलन । सत्तासीन सबैलाई आर्मीको हेलिकप्टरमा भाग्नुपर्ने अवस्था बनाइदियो । तैपनि जेनजीहरुलाई राजनीतिमा चासो समेत थिएन । नयाँ गर्न नयाँ सोच नयाँ उमंग र नयाँ चाहनाको आवश्यक पर्छ । हर्क, बालेन, गोपी हमाल, कुलमान, महावीर पुनको लाइनमा काम गर्ने नेतृत्व भएमा देशले छिट्टै काँचुली फेर्न सक्छ भन्ने पाठ पनि नयाँ युवाहरुलाई आजको परिस्थितिले सिकाएको देखिन्छ ।

**देशमा देखिएको आजको राजनीतिक परिदृश्य :** नियालेर हेर्दा नेपालको अहिलेको परिदृश्य यस्तो छ । विस्थापित सत्ताधारी पुराना नेतृत्व जेन्जी आन्दोलनलाई सम्पूर्ण रुपमा विदेशीहरूको इसारामा भएको आन्दोलन भनिरहेका छन् । नयाँ युवा पंक्तिहरू भ्रष्टतन्त्रको जग हल्लाउने गरी भएको यो आन्दोलनलाई भ्रष्टतन्त्रको विरुद्ध भएको आन्दोलनको रुपमा यसलाई व्याख्या गर्छन् । पुरानो पार्टीहरू एकले अर्कोलाई दोषारोपण गर्न पनि लागि परेको देखिन्छ । जनसाधारणको ठूलो पंक्ति पनि विभाजित भएको देखिन्छ । कसैले यसलाई विदेशीको इशारामा भएको आन्दोलन भनिरहेका छन् । कसैले ओलीतन्त्रलाई यसको दोष थोपरिरहेका छन् भने एउटा ठूलै हिस्सा बालेन र युरोपियन युनियन तथा सिआइएको उक्साटमा भएको आन्दोलनको रुपमा व्याख्या विश्लेषण गर्ने गर्छन् ।

**विदेशी हस्तक्षेपको सम्बन्धमा एउटा धारणा :** हाम्रो देश नेपालमा विदेशी हस्तक्षेपको कुरो गर्दा छिमेकी देश भारत, युरोपियन युनियन र विश्वशक्ति राष्ट्र अमेरिका नेपालमा प्रभाव पार्न र रणनीतिक रुपमा नेपाली भूमिमा खेल्न उनीहरुलाई मनपर्छ । यसको मुख्य कारण उत्तरतिर रहेको शक्तिराष्ट्र चीनको विरुद्धमा पश्चिमा राष्ट्रहरू विशेष गरेर केन्द्रीकृत भइरहेका छन् । फ्री तिब्बतको नारा उजगार गर्न तिब्बती शरणार्थीहरूलाई तिखारी रहेका छन् । यो उनीहरूको आजको मात्र योजना होइन, उहिले देखि कै हो । यसलाई निस्तेज पार्न राजा वीरेन्द्रले असंलग्न परराष्ट्र नीतिको अवलम्बन गरेका थिए । यस्तो तटस्थताको नीति नेपाल जस्तो दुईटा शक्ति सम्पन्न देशको बीचमा रहेको सानो देशको लागि निकै महत्वपूर्ण कुरा हो । यो बडामहाराज पृथ्वीनारायण शाहको दिव्य उपदेशमा पनि उल्लेख भएको कुरा नै हो । अर्को कुरा देशको सुरक्षाको लागि गुप्तचर निकायको पनि भूमिका महत्वपूर्ण हुन जान्छ । नेपालको सेनाले धेरै पहिलेदेखि नेपालको सत्ताधारीहरूलाई देशको हालत नाजुक भएको कुरा उल्लेख गरेका थिए । सम्भाब्य घटनाको सूचना पनि नआएको होइन। सो कुरालाई सरकारको शीर्ष भागमा बस्ने नेतृत्वले नपत्याएको र टेरपुच्छर नलगाएकै हो । स्वतन्त्र रूपमा काम गर्ने नेपालको गुप्तचर निकायलाई प्रधानमन्त्रीको मातहतमा ल्याएर राख्ने काम पनि गलत थियो। झन् कुनै सिप दक्षता नभएका कार्यकर्तालाई जागिर दिन यस्तो संवेदनशील संस्थामा समाविष्ट गर्नु लापरवाहीको पराकाष्ट थियो । भाद्र २३ आइपुग्दा समेत प्रधानमन्त्री सूचनाविहीन बनेकै हुन । कसैलाई नटेर्ने बानी भएका हाम्रा निवर्तमान प्रधानमन्त्रीले बच्चालाई आन्दोलन गर्न नसक्ने दुधमुखे भनेर खिल्ली उडाएका थिए । उनैलाई भोलिपल्ट आफ्नै यो बानी अभिशाप बन्यो ।

**राजनीतिक नेतृत्वले बुझ्नुपर्ने कुरा**
देशभित्रका जुनसुकै सृजनशील दक्ष र जनतामा प्रभाव पार्न सक्ने व्यक्ति सबैलाई आवश्यक हुन्छ । त्यो सिआइए युरोपियन युनियनका गुप्तचर निकाय सबैका दृष्टि उनीहरुमा परेकै हुन्छ । उनीहरुलाई कसले प्रयोग गर्ने भन्ने कुरा चाहिँ महत्वपूर्ण हो । देशभित्रको राजनीतिक नेतृत्वले हर्क बालेन गोपी हमाल कुलमान घिसिङग महावीर पुन जस्ता महत्वपूर्ण व्यक्तिहरुलाई राज्यको पक्षमा देश हितको लागि प्रयोग गर्नुपर्ने हुन्छ । यदि यसो गर्न सकिएन भने घुमाउरो ढंगले अरुले पनि प्रयोग गर्ने नै छन् । सबैलाई विदेशी एजेन्टको ट्याग पहिराएर समस्याको समाधान हुनेवाला छैन ।

**पुराना राजनीतिक नेतृत्वका नकारात्मक पक्ष :** सर्वसाधारण सबैको सोझो आँखाले हेर्दा स्वतन्त्र मेयर बालेन शाहले सार्वजनिक जग्गा मिच्ने अतिक्रमण गर्नेका घर टहरा भत्काउनु कानुन अनुसारकै काम हो । उनले त राज्यलाई सघाएको नै देखिन्छ तर यसैलाई राजनीतिक नेतृत्वले नकारात्मक रुपमा हेर्न थाल्यो । यसको कारण हो यसरी जग्गा मिच्ने काम नेतृत्व पंक्तिका आफ्नै नेता कार्यकर्ता र सहयोगी चन्दा दाताहरू थिए । आँखा चिम्म चिम्लेर शीर्ष नेतृत्वले मेयर बालेनले गरेको कानुन सम्मत त्यस्ता कामलाई प्रोत्साहन दिँदै समर्थन गरेको भए बालेन स्वयं राजनीतिक नेतृत्वको पक्षमा नै हुने थिए । अथवा जनसाधारणको ठूलो पंक्ति त्यतिखेर सरकारको पक्षमा हुने थियो । घुसखोरी र भ्रष्टाचारको विरुद्ध नेतृत्व लागिपरेको भए नेतृत्व स्वयं हाइ हाई हुने थियो । यहाँ कुनै विदेशी इशारा नाकाम सिद्ध हुने थियो । त्यो काम हाम्रो नेतृत्वबाट नभएकै हो ।

**अबको बाटो**
हाम्रा पार्टीहरू भित्र विचार र सिद्धान्तको कुनै कमी छैन । नभएको काम मात्र हो । नैतिकता र काम गर्ने उत्कट चाहनाको कमी हो । यो कुरालाई मध्यनजर गरी युवा पंक्तिका नेताहरूले शीर्ष नेतृत्वलाई खबरदारी गर्नैपर्छ। उहाँहरुले नयाँ र असल कामको लागि लागिपर्नुपर्ने हुन्छ । ती असल कामहरू भनेको पहिलो काम नै भ्रष्टाचारलाई न्यूनीकरण गर्नु हो। घुसखोरी हटाउन कर्मचारीतन्त्रमा व्यापक फेरबदल गर्नु आवश्यक छ । उद्योग धन्दाहरू व्यापक रुपमा खोल्दै जाने र विदेश पलायन भइरहेका युवाहरुलाई देशभित्रै रोजगारीको व्यवस्था गर्दै जानुपर्ने आवश्यक छ । कृषि क्षेत्रको समस्याहरू समाधान गर्न कृषक समूहहरू स्वयंलाई कृषि नीति बनाउनलाई समावेश गराउनु आवश्यक छ । हरेक क्षेत्रमा काम गर्नेको उचित मूल्यांकन प्रोत्साहन र बढोत्तरी गर्ने र काम नगर्ने ठगी गर्नेलाई निरुत्साहित गर्दै लाने परिपाटी बसाउँदै लानु आवश्यक छ ।

**कार्यकर्ता भर्ती केन्द्र बन्द गरिनुपर्छ**
संघसंस्था सबैतिर कार्यकर्ता भर्ती गर्ने होइन सक्षम र दक्ष व्यक्तिहरू लोकसेवा आयोगको माध्यमबाट पूर्ति गर्ने व्यवस्था गरिनुपर्छ । आफ्नो होइन राम्रा मान्छेहरु छनोट गरी काम दिनुपर्छ । विज्ञ व्यक्तिहरूको समूहलाई प्रोत्साहन गर्नुपर्छ । उचित ठाउँमा उनीहरुलाई नै काम दिनुपर्छ । यसो नगरी हाम्रा पुराना नेतृत्वले सिआइबी जस्तो संस्थालाई पनि कार्यकर्ता भर्ती गर्ने ठाउँ बनाए ।विश्वविद्यालय शिक्षालयहरूमा यसैगरी कार्यकर्ताहरु भर्ती गरियो। जसले गर्दा न हाम्रा विश्वविद्यालयहरू राम्रोसँग चल्न पाएका छन् । न देशको पक्षमा सूचना दिने संस्थाले सही सूचना दिनसकेको छ । बरु विदेशी जासुसी संस्थाहरूको प्रभाव हाम्रो राज्य यन्त्रको चारैतिर प्रभाव जमाउन सक्षम बनेको छ । राजा महेन्द्रको शासनकालमा देशका सूचना विदेशीलाई बेच्नेलाई राजद्रोहको अपराधमा ठाउँको ठाउँ कारबाही हुने चलन थियो । यसले गर्दा विदेशी गुप्तचर निकाय निस्तेज बन्दै गएको थियो । अहिलेको अवस्था त्यस्तो छैन । उनीहरूको लागि यहाँको राजनीतिक अवस्था वातानुकुलित बनेको छ । कमसेकम राम्रो कुरा त राजाबाट पनि सिकौन । अदालत जस्तो निष्पक्ष हुनुपर्ने निकायमा समेत पार्टीका कार्यकर्ता भर्ती गर्ने नियम बसालेकाले अदालत निष्पक्ष हुन सकेको छैन । त्यसको प्रभाव जनतामा नराम्रो परेको छ । जसले गर्दा पनि आम जनता नकारात्मक र आक्रोशित बनेका छन् ।

*-डिसी नेपाल डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आर्थिक पक्ष सबल रहनेछ। व्यापार व्यवसायमा सन्तोषजनक परिणाम मिल्नेछ। | **तुला** : आनन्दको प्राप्ति हुनेछ। साझेदारी व्यापारमा लाभ रहनेछ। |
| **वृष** : खर्चमा वृद्धि रहनेछ। विश्वास पात्रबाट धोखा पाइएला सचेत रहनुहोस्। | **वृश्चिक** : यात्रामा धन खर्च हुनेछ। परिस्थितिवस कार्यक्षेत्रमा पछि परिनेछ। |
| **मिथुन** : कला वा रचनात्मक कार्यमा मन जानेछ। स्वास्थ्य सबल रहनेछ। | **धनु** : सन्तान पक्षबाट शुभ सूचना मिल्नेछ। आर्थिक पक्ष सबल रहनेछ। |
| **कर्कट** : मनमा चिन्ता र असन्तोष रहनेछ। कार्यक्षेत्रमा संघर्ष गर्नुपर्ला। | **मकर** : कानुनी पक्ष सबल रहनेछ। पराक्रमबाट नाम स्थापित गर्न सकिनेछ। |
| **सिंह** : मनमा शान्ति र मुहारमा कान्ति छाँउनेछ। यात्रा रमाइलो रहनेछ। | **कुम्भ** : कार्यक्षेत्रमा पिताको सहयोग मिल्नेछ। धार्मिक यात्राका योग छन्। |
| **कन्या** : परिवारसँग सम्बन्ध राम्रो हुनेछ। कार्यक्षेत्रमा बाधा उत्पन्न हुनेछ। | **मीन** : राजनीतिक क्षेत्रमा प्रभावशाली व्यक्तिहरूसँग सम्पर्क बढ्नेछ। |

# विज्ञान/सूचना प्रविधि

## मानव निर्मित आगोको सबैभन्दा पुरानो प्रमाण फेला



लण्डन पूर्वी इङ्ल्याण्डको एक क्षेत्रमा मानवद्वारा आगो सिर्जना गरिएको र नियन्त्रण गरिएको सबैभन्दा पुरानो प्रमाण फेला परेको छ, जसलाई पुरातत्वविद्हरूले मानव इतिहासको एक नाटकीय मोडको रूपमा व्याख्या गरेका छन् । सफोकको बार्नहममा फेला परेको आगो बालिएको चूलोको रूपमा रहेको पाकेको माटो, तापले फुटेका चकमक बन्चरोहरू र दुई टुक्रा पाइराइटले प्रारम्भिक मानवहरू, सम्भवत: निएन्डरथलहरू, आगो बनाउन र त्यसलाई कायम राख्न सक्षम थिए भन्ने सङ्केत गर्दछ । पाइराइट एक प्रकारको ढुङ्गा हो जसलाई आगो बाल्नका लागि झिल्का निकाल्न प्रयोग गरिन्थ्यो । 'यो ४ लाख वर्ष पुरानो साइट हो, जहाँ हामीले आगो बनाएको सबैभन्दा पुरानो प्रमाण फेला पारेका छौँ, जुन बेलायत वा युरोपमा मात्र नभई वास्तवमा विश्वभरिकै सबैभन्दा पुरानो हो,। ब्रिटिस म्युजियमको पालेओलिथिक सङ्ग्रहका क्युरेटर निक एस्टनले एक समाचार ब्रिफिङमा भने । एस्टन बार्नहम साइटमा बुधबार जर्नल नेचरमा प्रकाशित एक अध्ययनका वरिष्ठ लेखक हुन् । मानव उत्पत्तिका शोधकर्ताहरूका लागि मानवले जानाजानी कहिले र कहाँ आगो बनाउन र खाना पकाउन सुरु गरे भन्ने प्रश्नहरू सबैभन्दा ठुला र लामो समयदेखि अनुत्तरित प्रश्नहरू थिए। आगो बनाउन सक्ने क्षमताले बार्नहममा बस्ने मानवहरूलाई न्यानो रहन, जंगली जनावरहरूलाई भगाउन र नियमित रूपमा खाना पकाउन सक्षम बनाएको थियो, जसले खानालाई थप पौष्टिक बनाउँथ्यो । र आगोलाई नियन्त्रण गर्न सक्ने क्षमताले अन्य प्रविधिहरूको विकास जस्ता व्यावहारिक फाइदाहरू ल्याउन सक्थ्यो र कथा सुनाउने जस्ता सामाजिक अन्तर्क्रियाका लागि एक केन्द्रबिन्दु प्रदान गर्न सक्थ्यो । यस साइटमा फेला परेका कलाकृतिहरू पुरातात्विक रेकर्डमा आगो बनाइएको यसअघिको ज्ञात प्रमाणभन्दा ३ लाख ५० हजार वर्ष पुरानो छन्, जुन उत्तरी फ्रान्सको एक साइटमा फेला परेको थियो। यद्यपि, एस्टनले बार्नहममा नै आगो बाल्ने क्षमता पहिलो पटक उत्पत्ति भएको सम्भावना नरहेको बताए । एस्टनले भने, 'मलाई लाग्छ कि हामी मध्ये धेरैलाई ४ लाख वर्ष पहिले युरोपमा आगोको नियमित प्रयोग हुन्थ्यो भन्ने अनुमान थियो । तर हामीसँग त्यसको प्रमाण थिएन ।मानवजातिले कसरी र कहिले आगोलाई नियन्त्रण गर्न सिक्यो भन्ने कुरा निर्धारण गर्नु पुरातत्वविद् हरूका लागि चुनौतीपूर्ण छ । आगोको प्रमाण विरलै बाँकी रहन्छ । खरानी र कोइला सजिलै उडेर जान सक्छन् र पाकेको माटो पनि खिइन सक्छ । साथै, प्राकृतिक र मानव निर्मित आगो बिचको भिन्नता छुट्याउन पनि गाह्रो हुन्छ । उदाहरणका लागि, अध्ययन अनुसार इजरायल, केन्या र दक्षिण अफ्रिकामा ८ लाख वर्षदेखि १० लाख वर्षभन्दा पुरानो मानव बसोबास भएका साइटहरूमा आगोको उपस्थितिको सङ्केत कलाकृतिहरूले दिन्छन्। यद्यपि, ती मानवले सुरु नगरेको र जङ्गलमा लागेका प्राकृतिक आगलागी हुन सक्ने सम्भावनालाई भने अस्वीकार गर्न गाह्रो छ । अध्ययनअनुसार, प्रारम्भिक मानवहरूले सायद चट्याङ वा अन्य प्राकृतिक कारणहरूले गर्दा लागेको आगोलाई उपयोग गर्न सुरु गरेका थिए, सम्भवत: केही समयसम्म अँगारहरूलाई बचाएर राखेर । तर यो एक अप्रत्याशित स्रोत हुने गर्थ्यो ।

*-रातोपाटी डटकम*

## नेपालकै पहिलो लन्ड्री लाउन्ज-एलजीद्वारा सञ्चालित




सिजी इलेक्ट्रोनिकले आफ्नो साझेदार ऋबिककथ ऋभिबल सँग मिलेर एलजीद्वारा सञ्चालित नेपालकै पहिलो लन्ड्री लाउन्ज काठमाडौँको कार्यविनायक, भैंसेपाटीमा सञ्चालनमा ल्याएको छ । लन्ड्री लाउन्ज भनेको एजलीका प्रोफेसनल-ग्रेड वासर र ड्रायरमा आधारित एक आधुनिक व्यावसायिक लन्ड्रोम्याट अवधारणा हो । एलजी लन्ड्री लाउन्जले अत्याधुनिक एलजी प्रोफेसनल उपकरणहरू र आकर्षक भिजुअल पहिचानलाई एकै ठाउँमा समेट्दै लन्ड्रोम्याटको नयाँ र नविन अनुभव प्रदान गर्दछ । यो साझेदारीमा आधारित लन्ड्रोम्याट मोडलले पूर्ण व्यवसायिक समाधान उपलब्ध गराउनुका साथै ग्राहकहरूलाई आकर्षित गर्दछ । यहाँ लुगा धुने काम केवल दैनिकी मात्र नभई, आरामदायी र डिजाइनर शैलीमा सजाइएको वातावरणमा रमाइलो अनुभव बन्छ । यस लन्ड्री लाउन्जको सञ्चालन सिजीका साझेदार Classy Clean ले गरिरहेको छ भने यसमा एलजी कमर्सियल लन्ड्री सिस्टम जडान गरिएको छ, जसले उच्च गुणस्तरीय र प्रोफेसनल धुने तथा सुकाउने सेवा प्रदान गर्दछ । एलजीका कमर्सियल लन्ड्री मेसिनहरूले भरपर्दो सरसफाइ, प्रभावकारी धुने र सुकाउने प्रक्रिया, पानी तथा ऊर्जाको दक्ष प्रयोग, र कपडाको राम्रो हेरचाह सुनिश्चित गर्छन् । ड्रायरहरूले उच्च तापक्रमको हावाको प्रयोग गरी कपडालाई स्यानिटाइज समेत गर्छन् । ग्राहकहरूले हप्ताको ७ दिन बिहान ८:०० बजेदेखि बेलुका ७:०० बजेसम्म सेवा लिन सक्नेछन् । साथै, ड्रप अफ र पिक अप सुविधासमेत उपलब्ध छ । यस लन्ड्री लाउन्जको उद्घाटन चौधरी ग्रुप का प्रबन्ध निर्देशक श्री निर्वाण चौधरी तथा LG Bangladesh का प्रबन्ध निर्देशक जेराल्ड चुन द्वारा संयुक्त रूपमा गरिएको हो ।

*-डिसी नेपाल डटकम*

## विद्यार्थीको सहयोगमा तयार भयो नेपाली भूउपग्रह

चितवनको करैयामा रहेको नवोदय माध्यमिक विद्यालयको एउटा सानो कोठामा केही महिनाअघिसम्म असाधारण दृश्य देखिन्थ्यो । स्कुल यूनिफर्ममा स-साना हातहरू सावधानीपूर्वक सर्किट बोर्डमा काम गरिरहेका थिए । नजिकैबाट मेन्टरहरू हेरिरहेका । कसैलाई थाहा थिएन कि यी साना हातहरूले बनाएको स्याटेलाइट एक दिन अन्तरिक्षमा उड्नेछ । 'हामीलाई सुरुमा स्याटेलाइट भनेको के हो, केही थाहा थिएन,' विद्यार्थी अमृत चेपाङ सम्झन्छन्, 'कम्प्युटर अन-अफ गर्न पनि डर लाग्थ्यो । हामीले कहिल्यै कम्प्युटर चलाएका थिएनौँ ।' तर आज, त्यही अमृत र उनका ८ साथीहरूले बनाएको स्याटेलाइट अन्तरिक्षमा उडिसकेको छ । चीनको उत्तर-पश्चिममा रहेको एक लन्च सेन्टरबाट किनेटिका-१ रकेटमार्फत सफलतापूर्वक प्रक्षेपण भयो, स्लिपर्स टु स्याट । यसको लागि गत असोजमा नै प्रोजेक्ट म्यानेर इन्जिनियर रिषभ अधिकारीसहित चार सदस्यीय टोली बेइजिङ पुगेर स्याटेलाइटको अन्तिम गुणस्तर परीक्षण, रकेटसँग एकीकरण र वातावरणीय अनुकूलता जाँचको काम सम्पन्न गरेको थियो । सोही एक किलो २० ग्राम तौलको यो ट्युब आकारको नानो स्याटेलाइट बुधबार बिहान अन्तरिक्ष पुगिसकेको छ । अब त्योसँग सम्पर्क गर्नु इन्जिनियरहरुको मुख्य काम हो । नास्टको ग्राउन्ड स्टेसनको आकाशमा नौ मिनेट भर मात्र उक्त स्याटेलाइट हुन्छ, त्यही समयमा सम्पर्कमा ल्याउनुपर्छ ।

*-अनलाइन खबर डटकम*


### त्रिभुवन विश्वविद्यालय
### त्रिभुवन बहुमुखी क्याम्पस
### तानसेन, पाल्पा

## सटर भाडामा दिनेसम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

*दोस्रो पटक प्रकाशित मिति :२०८२/०९/०१*

*दरभाउ पत्र न त्रि.वि.वि.त्रि.ब.क्या. ००१/२०८२/०८३*

त्रिभुवन बहुमुखी क्याम्पस, ता.न.पा. २, लहरेपिपलस्थित तानसेन तम्घास मूल सडकमा रहेका सटरहरू शिलबन्दी दरभाउ पत्रको माध्यमबाट आगामी ६ वर्षका लागि भाडामा लगाउनुपर्ने भएकाले इच्छुक व्यक्ति/फर्म/कम्पनीबाट तपसिल बमोजिमका सर्तहरूको अधिनमा रही ७ दिनको म्याद राखी दोस्रो पटक यो दरभाउपत्र आह्वानको सूचना गरिएको छ । गोप्य रूपमा इच्छुक व्यक्ति, संघ-संस्था, फर्मले निर्धारित समयभित्र क्याम्पसको प्रशासन शाखामा दरभाउपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**१.दरभाउपत्र लिन इच्छुक व्यक्ति/संस्था/फर्म क्रमश:** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,स्थायी लेखा नम्बर (प्यान)/ मूल्यअभिवृद्धि कर प्रमाणपत्रको प्रितिलिपि, आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाण प्रतिलिपि, रु.१०००।० ने.बै.लि.चल्ती खाता नं. ०१७००१०७६१८७४८००००१ मा दाखिला गरी (पछि फिर्ता नहुने गरी) बैकं भौचरका साथ यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिने छ ।

२.शिलबन्दी दरभाउपत्रमा निर्धारित न्यूनतम अङ्क नघट्ने गरी कबोल गरेको रकमको अङ्क र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

३.सबैभन्दा बढी रकम कबोल गर्ने दरभाउदाताको कबोल अङ्क स्वीकार गरिने छ ।

४.शिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको ७ औं दिनको कार्यालय समयभित्र त्रिभुवन बहुमुखी क्याम्पस कार्यालयबाट खरिद गरिसक्नु पर्नेछ ।

५.शिलबन्दी दरभाउपत्रकोसाथ आफूले कबोल गरेको अङ्कको वार्षिक रूपमा हुन आउने कुल र कमको ५ प्रतिशत धरौटी रकम यस त्रिभुवन बहुमुखी क्याम्पसको कृषि विकास बैंक लिमिटेड पाल्पामा रहेको चल्ती खाता नं.०४-१५७-००५५१६९२-०१-६ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

६.भाडा सम्बन्धमा सम्झौताको मितिले २ वर्षसम्म सुरुमा कबोल गरेको रकम बराबर हुनेछ । तेस्रो वर्षको भाडा रकममा १० प्रतिशत थप, पाचौँ वर्णको भाडा रकममा १० प्रतिशत थप गरी भाडा बृद्धि गरिने छ । सटर भाडा सम्झौता र सोको नवीकरण अवधि समाप्त हुनुभन्दा ३ महिना अगावै आगामी अवधिको लागि सटर भाडाको नयाँ ठेक्का बन्दोबस्त गर्ने प्रयोजनार्थ शिलबन्दी दरभाउपत्र आह्वान गरिने छ ।

७.मासिक खपत हुने विद्युत पानी महसुल सामान्य मर्मतको खर्च भाडावालाले नै व्यहोर्नु पर्ने छ ।

८.दरभाउपत्र स्वीकृत भएपछि सम्झौतामा सहीछाप गर्नुपूर्व १ (एक) महिना बराबरको भाडा रकम अग्रिम भुक्तानी तोकिएको खातामा अनिवार्य रूपमा दाखिला गरी भौचर पेश गर्नुपर्नेछ र यो रकम फिर्ता गरिने छैन ।

९.जनस्वास्थ्यको दृष्टिकोणले र शैक्षिक संस्थालाई प्रतिकूल असर पार्ने खालका तथा नेपाल सरकारबाट निषेध गरिएका सामानहरू विक्रीवितरण तथा गैरकानुनी कार्यहरू गर्न पाइने छैन ।

१०.दरभाउपत्र जसको नाममा स्वीकृत भएको छ उसैले नै व्यवसाय सञ्चालन गर्नुपर्नेछ । कारणवश आफूले सञ्चालन गर्न नसकी अन्यलाई दिनुपरेमा त्रिभुवन बहुमुखी क्याम्पसको पूर्व स्वीकृति अनिवार्य छ । त्रिभुवन बहुमुखी क्याम्पसको स्वीकृतिविना अन्यलाई दिएको पाइएमा सम्झौता स्वत: रद्द हुनेछ ।

११.दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति सूचना प्रकाशित भएको मितिले ८ औँ दिनको दिउँसो १२:०० बजेसम्म रहनेछ । यदि बिदा परेको खण्डमा त्यसको भोलि पल्ट सोहि समयमा बुझाउन सकिने छ ।

१२.दरभाउपत्र खोलिने दिन दरभाउपत्र दाखिला हुने अन्तिम दिनको ३:०० बजे ।

१३.शिलबन्दी दरभाउपत्र रहेको खामबाहिर आफ्नो नाम ठेगाना उल्लेख गर्नुपर्नेछ।

१४.दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार क्याम्पसमा निहित रहने ।

१५.म्याद नाघी वा रीत नपुगी वा कुनै सर्त उल्लेख गरिएको दरभाउपत्रउपर कुनै कारवाही हुनेछैन ।

१६.यस सूचनामा कुनै कुरा छुट भएमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| सि.नं. | सटर नं. | दरभाउपत्र नं. | न्यूनतम मासिक भाडा दर (कर बाहेक) | अवधि |
|---|---|---|---|---|
| १ | बढिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. १ | २०८२/०८३/००१ | १४,०००।० | ६वर्ष |
| २ | बढिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. २ | २०८२/०८३/००१ | १४,०००।० | ६वर्ष |
| ३ | बढिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. ३ | २०८२/०८३/००१ | १३,०००।० | ६वर्ष |
| ४ | बढिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. ४ | २०८२/०८३/००१ | १३,०००।० | ६वर्ष |
| ५ | बढिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. ५ | २०८२/०८३/००१ | १२,०००। | ६वर्ष |
| ६ | बढिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. ६ | २०८२/०८३/००१ | १२,०००। | ६वर्ष |
| ७ | बढिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. ७ | २०८२/०८३/००१ | ११,०००। | ६वर्ष |
| ८ | बढिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. ८ | २०८२/०८३/००१ | ११,०००। | ६वर्ष |
| ९ | बढिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. ९ | २०८२/०८३/००१ | १०,०००। | ६वर्ष |
| १० | बढिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. १० | २०८२/०८३/००१ | १०,०००। | ६वर्ष |
| ११ | बढिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. ११ | २०८२/०८३/००१ | १०,०००। | ६वर्ष |
| १२ | बढिज्ञान टोल सपिङ कम्प्लेक्स सटर नं. १२ | २०८२/०८३/००१ | १०,०००। | ६वर्ष |

**क्याम्पस प्रमुख**

# लायन्सको क्याबिनेट बैठकको आय–व्यय सार्वजनिक



**पाल्पा,** मंसिर २९/कार्तिक २१ र २२ गते पाल्पाको तानसेनमा सम्पन्न लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ पी एरिया २ को दोस्रो क्याबिनेट बैठकको आय–व्यय सार्वजनिक गरिएको छ । तानसेनमा एक औपचारिक कार्यक्रमको आयोजना गरि आयव्यय सार्वजनिक गरिएको हो ।

कार्यक्रममा एरिया चिफ गंगाबहादुर खत्रीले १४ लाख ५४ हजार १ सय २३ बराबरको खर्च भएको बताए ।सोही अवसरमा लायन्स क्लब अफ पाल्पा तानसेनका सदस्य टंकनाथ घिमिरेका ८ वर्षीय छोरा निश्चल घिमिरेको बेन ट्युमर उपचारार्थ लायन्स एरिया २ को पहलमा संकलित ४२ हजार ४ सय ८७ आर्थिक सहयो रकम समेत हस्तान्तरण गरिएको छ । घिमिरे परिवारलाई सहयोग रकम हस्तान्तरण गर्दै एरिया चिफ खत्रीले सामाजिक तथा मानवीय सेवामा लायन्स क्लब सधैं तत्पर रहने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा सम्पन्न क्याबिनेट बैठकको समिक्षासँगै सहभागीहरूबाट सुझावसमेत संकलन गरिएको थियो। ग्याट टिम लिडर सुशील प्रधान, डिष्ट्रिक्ट को–चिफ एड्भाइजर बुद्धि प्रसाद शर्मा, राजेन्द्र लिगल, त्रिलोचन पौड्याल, सिनियर डिष्ट्रिक्ट एड्भाइजर भिमबहादुर श्रेष्ठ तथा एड्भाइजर गंगाराम नेपाललगायतले कार्यक्रमको समिक्षा गर्दै उपयोगी सल्लाह तथा सुझाव प्रस्तुत गरेका थिए । कार्यक्रमले लायन्स क्लबको पारदर्शिता,उत्तरदायित्व र मानवीय सेवाप्रतिको प्रतिबद्धतालाई थप सुदृढ बनाएको सहभागीहरूले बताएका छन् ।

# रोटी बनाउने सिप...


...वडा अध्यक्ष महेश्वर श्रेष्ठले तानसेन एउटा साँस्कृतिक शहर भएकाले यहाँका जातजातिका परम्परागत सीपलाई आधुनिक बजारसँग जोड्ने र जसबाट महिलाहरूले राम्रो आम्दानी गर्न सक्ने भएकोले यस्ता सिपमूलक तालिमलाई निरन्तरता दिईने बताए । महिलाहरु आत्मनिर्भर बन्नु नै समग्र समाज र देशको आर्थिक विकासको आधार भएको वडा अध्यक्ष श्रेष्ठले बताए । सिप हस्तान्तरण तालिमकी प्रशिक्षक अनुजा बज्राचार्यले तालिममा सहभागी महिलाहरुलाई प्रशिक्षकहरुले परम्परागत रोटी बनाउने विधि, कच्चा पदार्थको छनोट, सरसफाइ, गुणस्तर तथा बजार व्यवस्थापनका विषयमा व्यवहारिक ज्ञान प्रदान गरेको बताईन् । सहभागी महिलाहरुलाई आफैंले रोटी बनाएर अभ्यास गराउने, स्वाद र गुणस्तर कसरी कायम गर्ने भन्ने विषयमा विशेष ध्यान दिइएको प्रशिक्षक बज्राचार्यले उल्लेख गरिन् । रोटी बनाउने तालिमका रुपमा अनुजा बज्राचार्य, कृष्णकली बज्राचार्य, यशोधरा बज्राचार्य र उषा प्रधानले प्रशिक्षण दिएका थिए । रोटी बनाउने सिप हस्तान्तरण तालिममा संस्थापक अध्यक्ष शकुन्तला बज्राचार्यले घरमै बसी बसी महिलाहरुले दुई/चार पैसा पनि कमाउने साथै नेवारी क्लासंस्कृति संरक्षण पनि हुने बताईन् । महिलाहरु सिप सिकेर आत्मनिर्भर बने मात्र परम्परागत ज्ञान र संस्कृति जोगिन सक्ने भन्दै संस्थाले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने संस्थापक अध्यक्ष बज्राचार्यले जोड दिईन् । तालिममा सहभागी निर्मला श्रेष्ठ र गंगा नेपालले तालिमबाट घरमै बसेर परम्परागत रोटी बनाएर बिक्री गर्न सकिने, विवाह, ब्रतबन्ध भोजभतेरमा होटल तथा समारोहमा रोटी बनाई बिक्रि गरी घरायसी खर्च धान्न सकिने बाटो खुलेको बताए । संस्थाका सल्लाहकार सर्जुलाल बज्राचार्यले संस्कृति संरक्षण र आर्थिक सशक्तिकरणलाई सँगसँगै लैजानु आजको आवश्यकता भएको उल्लेख गरे । रोटी बनाउने तालिम समापन कार्यक्रम संस्थाकी अध्यक्ष अनुराधा बज्राचार्यको अध्यक्षता, उपाध्यक्ष सुनिता थैवको स्वागत र सचिव सुनिता कुमारी प्रधानको सञ्चालनमा भएको थियो । तीन दिने तालिमबाट महिलाहरु परम्परागत रोटी बनाउने सिपमा दक्ष बन्नुका साथै उद्यमशील बन्न प्रेरित भएको आयोजकको विश्वास रहेको छ । यस्ता कार्यक्रमले महिलाहरुको आयआर्जन मात्र नभई मौलिक कला संस्कृतिको संरक्षणमा समेत महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

# अस्पतालमा विद्युतीय...

...उनले विद्युतीय भुक्तानीको सुविधा भए सेवाग्राहीलाई सहजता प्रदान हुने बताए । कोइरालाजस्ता धेरै बिरामीलाई डिजिटल भुक्तानीको सुविधा नहुँदा सास्ती खेप्नुपरेको छ । प्रविधिको युगमा अस्पतालमा पनि प्रविधिको विकास हुनुपर्ने सिद्धार्थनगर नगरपालिका–३ का गोपाल भण्डारीले बताए । निजी स्वास्थ्य संस्थामा अनलाइनबाट काम हुने तर, सरकारी स्वास्थ्य संस्थामा किन हुन सक्दैन भन्दै उनले प्रश्न गरे । होटल व्यवसायी महासै नेपालका उपमहासचिव राजेश महोत्राले अब अस्पताल पनि 'क्युआर कोड सिस्टम'मा जानुपर्ने बताए । उनले अनलाइनबाटै टिकट बुकिङ र भुक्तानी गर्ने सुविधा प्रदान गर्नेतर्फ अस्पताल अघि बढ्नुपर्ने सुझाव दिए । भीम अस्पताल विकास समितिका पूर्वअध्यक्ष नारायणप्रसाद भण्डारीले अस्पतालमा 'अनलाइन टिकेटिङ' र क्यूआर कोड सुविधाबारे काम अगाडि बढाउने तयारी गर्दै गर्दा आफू जिम्मेवारीमुक्त भएको बताए । उनले अहिलेसम्म अस्पतालमा यो सुविधा हुन नसकेको भन्दै अस्पताल प्रशासनको ध्यानाकर्षण गराए । "अनलाइन टिकेटिङको सुविधा भयो भने सेवाग्राहीले टिकट काट्न लाइन बस्नुपर्दैन । अनलाइनबाटै पैसा तिरेर बिरामी उपचार गराउन आउनुहुन्छ, जसले गर्दा बीमा र जनरल ओपिडीमा भीड पनि कम हुन्छ", भण्डारीले भने । बिरामीको सुविधाका लागि अस्पताल विकास समिति र अस्पताल प्रशासनले यसतर्फ विशेष ध्यान दिनुपर्ने उनको सुझाव छ । भीम अस्पतालले गत हप्ता आयोजना गरेको सार्वजनिक सुनुवाइ कार्यक्रममा अस्पताल प्रमुख (मेडिकल सुपरिटेन्डेण्ट) डा वर्षा थापाले विद्युतीय भुक्तानी प्रणालीलाई मध्यकालीन योजनामा राखिने जानकारी दिए । "हामीकहाँ आइटीसम्बन्धी कर्मचारी नभएको हुनाले बाहिरबाट परामर्शमार्फत ल्याउनुपर्छ, त्यसैले यसलाई मध्यकालीन योजनामा राख्छौं", उनले भने । अस्पताल विकास समितिका अध्यक्ष डा. अनन्तकुमार शर्माले भीम अस्पतालले राम्रो सेवा दिइरहेका कारण यहाँ बिरामीको चाप बढ्दै गएको बताए । उनले विद्युतीय भुक्तानी प्रणालीको सुविधा नभएका कारण सेवाग्राही मर्कामा परेको गुनासो आएको भन्दै सुनुवाइका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गरे । अध्यक्ष शर्माले डिजिटल प्रणालीको सुविधा प्रदान गर्न लागिपरेको बताए । सिद्धार्थनगर नगरपालिका–१३ मा अवस्थित भीम अस्पताल १९९० सालमा स्थापना भएको रूपन्देहीको पुरानो अस्पताल हो । *–रासस*

## खेलकुद समाचार

# नेपाल लगातार दोस्रो खेलमा पराजित



**काठमाडौं,** मंसिर २९/एसीसी १९ वर्षमुनिको एशिया कप क्रिकेटमा नेपाल लगातार दोस्रो खेलमा पराजित भएको छ । सोमबार भएको खेलमा नेपाल बङ्गलादेशसँग ७ विकेटले पराजित भयो । नेपालले दिएको १ सय ३१ रनको लक्ष्य बङ्गलादेशले २४ ओभर ५ बलमा ३ विकेट गुमाएर भेटायो । बङ्गलादेशका जावाद अबरारले नटआउट ७० रन बनाए । नेपालका अभिषक तिवारी र युवराज खत्रीले १/१ विकेट लिए । यसअघि संयुक्त अरब इमिरेट्स (यूएई) को सेभेन्स स्टेडियममा टस हारेर ब्याटिङ गरेको नेपालले ३१ ओभर १ बलमा १ सय ३० रन बनाउँदा सबै विकेट गुमायो । नेपालका अभिषेक तिवारीले सबैभन्दा धेरै ३० रन बनाए । यस्तै आशिष लुहारले २३, शाहिल पटेलले १८, निरकुमारले १४ रन बनाउँदा अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । बङ्गलादेशका एमडी सबुजले ३ विकेट लिए । नेपाल पहिलो खेलमा श्रीलङ्कासँग ८ विकेटले पराजित भएको थियो । अब नेपालले लिग चरणको तेस्रो तथा अन्तिम खेलमा पर्सि अफगानिस्तानसँग खेल्नेछ । एसीसी १९ वर्षमुनिको एशिया कप क्रिकेटको समूह 'ए' मा भारत, पाकिस्तान, यूएई र मलेशिया तथा समूह 'बी' मा नेपाल, अफगानिस्तान, बङ्गलादेश र श्रीलङ्का रहेका छन् । दुवै समूहबाट शीर्ष दुई रहने टोली सेमिफाइनलमा पुग्नेछ । फाइनल खेल आउँदो पुस ६ गते हुनेछ ।

## बिमालेख हराएको सूचना

यहि मिति २०८२/०७/२५ गतेका दिन **एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**को फणिस्वर बस्यालको नाममा जारी बिमा (पोलिसी) नम्बर ५४०९०००२४१३ को बिमालेख बराङ्दीदेखि तानसेनतर्फ आउँदै गर्दा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा सम्बन्धित शाखामा जानकारी दिनुहुन अनुरोध छ ।

**नाम :** फणिस्वर बस्याल
**ठेगाना :** साविकको बराङ्दी–४, पाल्पा
**सम्पर्क नं. :** ९८४७०८८८५०

## अर्थ/कर्पोरेट समाचार

# सामान्य अङ्कले बढ्यो नेप्से



**पाल्पा,** मङ्सिर २९/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ । सोमबार नेप्से परिसूचक छ दशमलव ७४ अङ्कले बढेर दुई हजार ६०१ दशमलव ६१ को बिन्दुमा कायम भएको हो ।

आइतबारको तुलनामा ० दशमलव २५ प्रतिशतले बढेपछि समग्र नेप्से २ हजार ६ सय १ दशमलव ६१ बिन्दुमा उक्लेको छ । ३ सय २९ कम्पनीको ७७ लाख ५७ हजार ६२५ कित्ता शेयर ५६ हजार १२२ पटक खरिदबिक्री हुँदा तीन अर्ब ४४ करोड १९ लाख तीन हजार ७७० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा बैंकिङ शून्य दशमलव ७२, विकास बैंक शून्य दशमलव ३३, वित्त शून्य दशमलव ९०, जनविद्युत् शून्य दशमलव ०६, जीवन बीमा शून्य दशमलव ३०, उत्पादन तथा प्रशोधन शून्य दशमलव ५७, निर्जीवन बीमा शून्य दशमलव ०७ र व्यापार समूह शून्य दशमलव २७ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । होटल तथा पर्यटन शून्य दशमलव ११, लगानी शून्य दशमलव ०८, म्युचुअल फण्ड शून्य दशमलव ११ र अन्य समूह शून्य दशमलव १७ प्रतिशतले घटेको छ ।

स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड र एसवाई प्यानल नेपाल लिमिटेडको शेयर मूल्यमासकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने हिमस्टार ऊर्जा कम्पनी लिमिटेडको शेयर मूल्य छ दशमलव ९५ प्रतिशतले घटेको छ । आइतबार सेयर बजारमा ४ अर्ब रुपैयाँ बराबरको सेयर कारोबार भएको थियो । सो दिन कारोबारमा आएका १३ उपसमूहमध्ये होटेल तथा पर्यटन, लगानी, लघुवित्त, सामूहिक लगानी कोष र अन्यको परिसूचक घटे । बाँकी उपसमूहको परिसूचक बढेपछि समग्र नेप्से पौने ७ अंकले बढेको हो ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय कैलाशनगर-५,तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई